केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

पत्र संख्या : बै.वि.नि.वि./नीति/परिपत्र/२०/०६७/६८ मितिः २०६७/११/१९

सम्पूर्ण इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरु,

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुको लागि देहायका विषयको सम्बन्धमा देहाय बमोजिमको नीतिगत व्यवस्था कायम गरिएको हुँदा सोही बमोजिम गर्नु/गराउनु हुन नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ७९ ले दिएको अधिकार प्रयोग गरी यो निर्देशन जारी गरिएको छ।

१. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन २०६७, को इ.प्रा निर्देशन नं ५/०६७, इजाजतपत्रप्राप्त संस्थाको कारोवारमा निहित जोखिम न्यूनीकरण गर्ने सम्बन्धी व्यवस्थाको बुँदा नं २ को उपबुँदा ५ लाई देहाय बमोजिम परिमार्जन गरिएको छ :
*बैंक तथा बित्तीय संस्थाहरुको तरलता सम्बन्धी जोखिमलाई न्यूनीकरण गर्ने उद्देश्यले बैंक/बित्तीय संस्थाहरुको स्रोत परिचालन (स्वदेशी* ***मुद्रामा भएको*** *निक्षेप तथा प्राथमिक पुँजी) मा* ***स्वदेशी मुद्रामा प्रवाहभएको*** *कर्जा सापटको अंश ८० प्रतिशत नाघ्न नहुने गरी सीमा तोकिएको छ। यस अघि नै उक्त अनुपात ८० प्रतिशत नाघेका संस्थाहरुले निम्नानुसारको समयावधिमा देहायको सीमाभित्र ल्याउनु पर्नेछ।*

| *२०६८ आषाढ मसान्त* | *२०६८ पौष मसान्त* |
|---|---|
| *८५ प्रतिशत* | *८० प्रतिशत* |

२. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन २०६७, को इ.प्रा निर्देशन नं १२/०६७, कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्थाको बुँदा नं ७ (धितो मूल्याङ्कनकर्ता सम्बन्धी विशेष व्यवस्था) को उपबुँदा १ लाई देहाय बमोजिम परिमार्जन गरिएको छ :
*कुनै इजाजतपत्रप्राप्त संस्थाले धितो लिलामी गर्दा धितो मूल्याङ्कनकर्ताले मूल्याङ्कन गरेको रकमको दुई तिहाई भन्दा कम रकम मात्र* ***उठेमा वा गलत स्थान/प्रकृतिको धितोलाई सही हो भनी मूल्यांकन गरेमा*** *त्यस्ता धितो मूल्याङ्कनकर्तालाई इजाजतपत्रप्राप्त संस्थाको सिफारिशमा केन्द्रले कालो सूचीमा समावेश गर्नु पर्नेछ। यसरी समावेश भएका धितो मूल्याङ्कनकर्ताहरुले यस बैंकबाट इजाजतपत्र पाएका कुनै पनि संस्थाहरुमा धितो मूल्याङ्कन सम्बन्धी कार्य गर्न पाउने छैनन्।*

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन : ४४११४०७
फ्याक्स : ४४१४५५२
E-mail : <nrbbfirdppd@nrb.org.np>
Web Site : www.nrb.org.np
टेलिग्राम : "रावा"
टेलेक्स : २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## बैंक तथा वित्तीय संस्था नियमन विभाग

३. यस बैंकबाट इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकीकृत निर्देशन, २०६७ को अनुसूची २१.७ (Long Form Audit Report) लाई खारेज गरी यसै साथ संलग्न संशोधित अनुसूची २१.७ लागू गरिएको छ ।

भवदीय,

वासुदेव अधिकारी
निर्देशक

<u>बोधार्थ</u> :
१. श्री नेपाल राष्ट्र बैंक, गभर्नरको कार्यालय ।
२. श्री नेपाल राष्ट्र बैंक, बैंक सुपरिवेक्षण विभाग ।
३. श्री नेपाल राष्ट्र बैंक, वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
४. श्री नेपाल राष्ट्र बैंक, विदेशी विनिमय व्यवस्थापन विभाग ।
५. श्री नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग ।
६. श्री नेपाल राष्ट्र बैंक, लघुवित्त प्रवर्द्धन तथा सुपरिवेक्षण विभाग ।
७. श्री नेपाल राष्ट्र बैंक, कानुन महाशाखा ।
८. श्री नेपाल बैंकर्स संघ, हेरिटेजप्लाजा, काठमाण्डौं ।
९. श्री डेभलपमेण्ट बैंकर्स एसोसिएसन, अनामनगर, काठमाण्डौं ।
१०. श्री नेपाल वित्तीय संस्था संघ, जमल, काठमाण्डौं ।
११. श्री नेपाल लघुवित्त बैंकर्स संघ, कुलेश्वर, काठमाडौं ।
१२. श्री कर्जा सूचना केन्द्र लि., हेरिटेजप्लाजा, काठमाडौं ।
१३. श्री नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्था, बबरमहल, काठमाडौं ।